# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रेस विज्ञप्ति

गोरखा जिल्ला फुजेल गा.वि.स. वडा नं. ७ का नन्द प्रसाद अधिकारीको मिति २०७१।६।६ गते वीर अस्पतालमा उपचारका क्रममा भएको निधन प्रति नेपाल सरकार गहिरो समवेदना प्रकट गर्दछ ।

कृष्णप्रसाद अधिकारीको मिति २०६१।२।२४ मा हत्या भएको घटनाका सम्बन्धमा मृतकका बाबु नन्दप्रसाद अधिकारीले विना कुनै किटानी मिति २०६१।२।२५ मा जिल्ला प्रहरी कार्यालय चितवनमा कर्तव्य ज्यानको जाहेरी दर्खास्त दिनु भएको विषयमा राष्ट्रिय मानव अधिकार आयोगको मिति २०६५।१२।२३ को सिफारिस तथा मिति २०७०।४।२८ को लिखित निर्देशन अनुसार कानून बमोजिम कारबाही गर्न यस कार्यालयबाट मिति २०७०।४।२८ गते गृह मन्त्रालयलाई निर्देशन दिई गृह मन्त्रालयबाट प्रहरी प्रधान कार्यालयमा र प्रहरी प्रधान कार्यालयबाट मिति २०७०।४।२९ गते जिल्ला प्रहरी कार्यालय, चितवनमा पत्र पठाइ मिति २०७०।५।३ गते जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक संजयबहादुर राउतको नेतृत्वमा ७ सदस्यीय टोली गठन भएको र घटनाका सम्वन्धमा अनुसन्धान गर्नका लागि प्रहरी निरीक्षक जीवलाल चुदालीलाई मिति २०७०।५।१६ मा अनुसन्धान अधिकृत तोकि अनुसन्धान भईरहेकै अवस्थामा नन्द प्रसाद अधिकारी र निजको पत्नि गंगामाया अधिकारी मिति २०७०।४।१६ देखि वीर अस्पतालमा अनसनमा वस्नु भएकोमा ४७ दिन पछि मिति २०७०।५।२२ मा अनसन तोड्नु भएको थियो । तत्पश्चात सोही विषयलाई लिएर अनुसन्धान प्रकृया अघि वढिरहेकै समयमा निज अधिकारी दम्पत्तिले दोस्रो पटक मिति २०७०।७।७ देखि अनसन शुरु गर्नु भएको थियो ।

छोरा कृष्णप्रसाद अधिकारीको हत्याको घटनाको विषयलाई लिएर पटक पटक अनसन वस्नु भएको कारणबाट वहाँहरुको स्वास्थ्य स्थिति विग्रदै गइरहेको स्थितिलाई नेपाल सरकारले गम्भीरतापूर्वक लिई सम्माननीय प्रधानमन्त्री श्री शुसील कोईरालाज्यू समेतले निज अधिकारी दम्पत्तिलाई भेटी अनसन अन्त्य गर्न आग्रह गर्नु भएको थियो। निजहरुको जीवन रक्षाका लागि नेपालमा उपलव्ध भएका विशेषज्ञ डाक्टरहरुको टोली गठनगरी सघन उपचार सेवा प्रदान गर्नुका साथै विशेषज्ञ डाक्टरहरुको उपस्थिति र मानव अधिकारकर्मीको रोहवरमा सम्मानीत सर्वोच्च अदालतवाट मिति २०७०।०५।१८ मा भएको आदेश बमोजिम पटक पटक खाना खुवाउने प्रयास गरिएको थियो । निजहरुको उपचारमा भएको सम्पुर्ण खर्चहरु नेपाल सरकारवाट व्यहोरी निजहरुको जीवन रक्षाका लागि हर सम्भव उपायहरु अवलम्वन गरिएको भए तापनि नन्द प्रसाद अधिकारीले खाना खान अस्वीकार गर्नुका साथै उपचारमा संलग्न विशेषज्ञ डाक्टरहरुले सिफारिस गरेका औषधी उपचारहरुको सेवा लिन समेत नमानेको कारण दुखद निधन हुन गयो।

कृष्णप्रसाद अधिकारीको मिति २०६१।२।२४ मा हत्या भएको घटनाका सम्बन्धमा मिति २०७०।१२।३० मा चितवन जिल्ला अदालतमा कर्तव्य ज्यान मुद्दा दर्ता भई मुद्दा अदालतमा विचाराधिन रहेको तथ्य सवैको जानकारीमा रहेकै छ ।साथै हत्यामा संलग्न रहेका भनि अनुसन्धानबाट देखिएका रुद्र आचार्य नेपाल सरहद वाहिर रहेको जानकारी प्राप्त हुन आएकोले निजलाई नेपाल झिकाउन ईन्टरपोल मार्फत

Diffusion Notice जारी समेत भइसकेकोले निज अधिकारी दम्पतीले न्याय प्राप्तीका लागि गर्नु भएको अनसन असान्दर्भिक भई सकेको थियो ।

नेपाल सरकार मुलुकको प्रचलित संविधान, कानून, अन्तर्राष्ट्रिय प्रतिवद्धता, न्यायका मान्य सिद्धान्त, सम्मानित सर्वोच्च अदालतका फैसला तथा राष्ट्रिय मानव अधिकार आयोगका सिफारिश समेतका आधारमा समाजमा सम्भव भएसम्म मानव अधिकारको उल्लंघन हुन नदिन र कथंकदाचित उल्लंघन भइहालेमा घटनामा संलग्न जुनसुकै व्यक्तिलाई कानूनको दायरामा ल्याई पीडकलाई कानून बमोजिम कारबाही गर्न र पीडितलाई न्याय दिलाउन प्रतिवद्ध छ ।वीर अस्पतालमा रहनु भएको गंगामाया अधिकारीको स्वास्थ्यको सम्बन्धमा उपचारको प्रबन्ध नेपाल सरकारले गर्ने नै छ। नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७०।५।२३ को निर्णय बमोजिम निज अधिकारी दम्पत्तिको भोगचलन, स्वामित्वमा रहेको चल अचल सम्पत्तिबाट विस्थापित हुनु परेकोले विस्थापित भएका कारणबाट भएको क्षतिपूर्तिको सन्दर्भमा राहत, पूर्ववत पूर्नस्थापना, उचित क्षतिपूर्ति र सुरक्षाको भरपर्दो प्रबन्ध गर्ने नेपाल सरकारको प्रतिवद्दता हालका दिनमा पनि कायमै रहेको छ । नन्द प्रसाद अधिकारीको मिति २०७१।६।६ गते भएको निधन पछि पनि नेपालको मान्य न्याय प्रणाली बमोजिम जारी न्यायिक उपचार प्रकृयाले साविक झै निरन्तरता पाउने नै छ।

यस दुखद घडीमा मृत आत्माको चिर शान्तिको कामना गर्दै धार्मिक परम्परा बमोजिम मृतकको शव वुझि लिई रित परम्परा बमोजिम सदगत गर्न परिवारजनमा नेपाल सरकार हार्दिक अनुरोध गर्दछ। जारी अनसन अन्तगरी मुलुकको प्रचलित कानून तथा न्यायिक प्रकृयामा विश्वासगर्दै सोही अनुसार न्याय प्राप्तिका लागि अग्रसर हुन नेपाल सरकार अनसनरत गंगामाया अधिकारीलाई पुन आग्रह गर्दछ। निज गंगामाया अधिकारीको अनसन अन्त गराउनका लागि सहयोग गरिदिन हुन नेपाल सरकार मानव अधिकारकर्मी लगायत नागरिक समाजसमेतलाई अनुरोध गर्दछ ।

**(राजुमान सिंह मल्ल)**

**सचिव**

मिति २०७१।६।७